नेपाल सरकार
गृह मन्त्रालय
**प्रहरी प्रधान कार्यालय**
**केन्द्रीय अनुसन्धान ब्यूरो**
(प्रशासन शाखा)

फोन: ०१-४४११७७६
मोबाईल नं.: ९८५१२८३१४०
फ्याक्स : ०१-४४१४३९१

पो.ब.नं.४०७
महाराजगञ्ज, काठमाडौं

## प्रेस विज्ञप्ती-०४

### "बैंकिङ् कसूर मुद्दाका फरार प्रतिवादीहरु पक्राउ"

यस केन्द्रीय अनुसन्धान ब्यूरोबाट फैसला कार्यान्वयन तथा फरार प्रतिवादीहरुको खोजतलास एवं पक्राउको लागि परिचालित प्रहरी टोलीले बैंकिङ् कसूर (चेक बाउन्स) मुद्दाहरुमा सम्मानित उच्च अदालत पाटनबाट कसूरदार ठहर भई फरार रहेका तपसिलमा उल्लेखित दुई जना प्रतिवादीहरुलाई बिभिन्न स्थानहरुबाट लुकिछिपी बसिरहेको अवस्थामा फेला पारी पक्राउ गरी फैसला कार्यान्वयनको लागि सम्मानित काठमाडौं जिल्ला अदालतमा पेश गरेको र निज प्रतिवादीहरुले आफ्नो खातामा पर्याप्त मौज्दात रकम नभएको भन्ने जानी-जानी जाहेरवालाहरुलाई झुक्यानमा पारी नेपाल इन्भेष्टमेन्ट बैंक र माछापुच्छ्रे बैंकका बिभिन्न रकमका चेकहरु काटी दिई बैंकिङ् कसूरजन्य अपराध गरेको ठहर गरी सम्मानित उच्च अदालत पाटनबाट बिभिन्न मितिमा निज प्रतिवादीहरुको हकमा बैंकिङ् कसूर तथा सजाय ऐन २०६४ को दफा ३(ग) बमोजिमको कसूरमा दफा १५(१) बमोजिम निम्न उल्लेखित सजाय हुने गरी फैसला भएको ब्यहोरा सूचित गरिन्छ।

**निम्न:-**

**पक्राउ प्रतिवादी**

**नाम:-** मिलन डंगोल
**उमेर:-** ४८ बर्ष
**ठेगाना:-** काठमाडौं जिल्ला टोखा न.पा. वडा नं.२
**मुद्दा:-** बैंकिङ् कसूर
**कैद:-** ७ दिन
**जरिवाना:-** रू. १५,००,०००/-
**पक्राउ मिति:-** २०७८/०४/०४ गते
**पक्राउ स्थान:-**टोखा,काठमाडौ।



**पक्राउ प्रतिवादी:-**

**नाम**:- देव नारायण महर्जन

**उमेर**:- ६३ बर्ष

**ठेगाना**:-काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.२२ घर भई हाल काठमाडौं महानगरपालिका वडा नं.१३

**मुद्दा**:- बैंकिङ् कसूर

**कैद**:- ५ दिन

**जरिवाना**:- रू.१५,००,०००।-

**पक्राउ मिति**:- २०७८/०४/०४गते

**पक्राउ स्थान**:- कलंकी, काठमाडौं



**मिति:- २०७८/०४।०४गते।**

**प्रहरी उपरीक्षक**
**(श्याम कुमार महतो)**
**प्रवक्ता एवंम सूचना अधिकारी**
**सम्पर्क नम्बर: ९८०२०३४१६१**